वर्ष ६. अंक २. जेठ



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ना.म.नि. सुरेन्द्र प्रसाद मैनाली
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.ना.उ. दधिराम न्यौपाने
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ४ |
| अपराध तथ्याङ्क | ५ – १० |
| प्रहरी सेवा प्रवाह | ११ –१३ |
| खोजतलास तथा समन्वय | १४ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १५ –१६ |
| अपराध समाचार | १७–२२ |
| उत्कृष्ट अनुसन्धान | २३ |

# विभागीय गतिविधि

## गृहसचिव दिनेश भट्टराईबाट नेपाल प्रहरी प्रधान कार्यालय निरीक्षण तथा निर्देशन सम्बोधन



*काठमाडौं, २ जेठ*

गृहसचिव दिनेश भट्टराईले नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन सम्बोधन गर्नुभएको छ। नेपाल प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुले गृहसचिव दिनेश भट्टराईलाई हार्दिक स्वागत गर्नुभएको थियो। सो क्रममा गृहसचिव भट्टराईले नेपाल प्रहरी प्रधान कार्यालय परिसरस्थित अमर प्रहरी स्मारकमा पुष्प गुच्छा अर्पण गर्नुभएको थियो। निरीक्षण भ्रमणका क्रममा गृह सचिव भट्टराईले नेपाल प्रहरी प्रधान कार्यालयस्थित डिजिटल फरेन्सिक ल्याव, पोलिग्राफ शाखा र डाटा सेन्टरको निरीक्षण गर्नुका साथै उक्त स्थानबाट हुने काम र गतिविधिबारे जानकारी लिनुभयो। निरीक्षण पश्चात आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै गृहसचिव भट्टराईले गृह प्रशासन मातहत कार्यरत सबैले आफू 'शासक होइन सेवक हो' भन्ने भावका साथ नागरिक सेवामा समर्पित भएर आर्थिक सामाजिक रूपान्तरणको अभियानलाई सार्थक बनाई सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने कार्यमा एकजुट हुनुपर्ने बताउनुभयो। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र राष्ट्रिय सुरक्षाको कार्यभारलाई आत्मसाथ गर्दै देशमा शान्ति सुव्यवस्थाको समुचित प्रबन्ध मिलाउन नेपाल प्रहरीको महत्वपूर्ण भूमिका रहेको चर्चा गर्दै गृहसचिव भट्टराईले भन्नुभयो, 'मन्त्रालय नेतृत्वले अगाडि सारेको दृष्टिकोण, मूल्यमान्यता, निष्ठा र आदर्शलाई नेपाल प्रहरीले गम्भीरतापूर्वक मनन गरी जनताको लोकतान्त्रिक अधिकार उपभोगको अवस्थालाई सुनिश्चित गर्दै नागरिकमैत्री व्यवहार अवलम्बन गरी राष्ट्र र जनतालाई केन्द्रभागमा राखेर तोकिएको जिम्मेवारी व्यावसायिक ढंगले उच्च मनोबलका साथ वहन गर्ने कुरामा म विश्वस्त छु।' प्रहरीले नागरिक समक्ष गर्ने कार्यव्यवहारबाट सरकारको छवि उजागर हुने उल्लेख गर्दै उहाँले प्रहरी प्रशासनले गरिब, निमुखा, शोषित पीडित, कमजोर एवं पहुँचबिहिन नागरिकको सारथी बनी उजुरी, गुनासो तथा समस्यालाई सम्बोधन गर्न अग्रसरता एवम् थप क्रियाशिलता हुनुपर्नेमा जोड दिनुभयो। गृहसचिव भट्टराईले विभिन्न स्वरूपमा हुने आपराधिक गतिविधि समयमै अनुसन्धान एवं नियन्त्रण गरी प्रहरी संगठनको छवि उच्च राख्न विशेष आग्रह गर्दै नागरिकको मौलिक एवं लोकतान्त्रिक अधिकारलाई सुरक्षित गरी भरपर्दो र त्रुटिरहित सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिनुभयो। तसर्थ सदाचारलाई मूलमन्त्र मानेर आदेशको श्रृङ्खला अनुरूप कार्य गर्न सकल दर्जालाई म निर्देशन गर्न चाहान्छु।' मातहतका प्रहरी कार्यालयहरूले आफ्नो कार्यालयबाट प्रदान गरिने सेवाको गुणस्तर र बितरण प्रक्रियामा आमूल सुधार गरी सेवा प्रवाहलाई थप चुस्त, दुरूस्त र प्रभावकारी बनाउन कार्ययोजनाका साथ काम गर्न जरूरी रहेको उहाँले बताउनुभयो। साथै उहाँले सरूवा, बढुवा, पदस्थापना लगायतका वृत्ति विकासका अवसरलाई न्यायोचित र अनुमानयोग्य बनाउने र अनावश्यक दवाव सिर्जना गर्ने जस्ता गैर व्यावसायिक प्रवृत्तिलाई निरूत्साहित गरिने बताउँदै संगठनमा स्थापित आदेशको श्रृङ्खला अनुरूप आगामी दिनमा वृत्ति विकासका अवसरलाई न्यायोचित तवरबाट अगाडि बढाइने बताउनुभयो। सो अवसरमा आभार सहितको मन्तव्य व्यक्त गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले गृहसचिव ज्यूबाट प्राप्त अत्यन्तै महत्वपूर्ण, समसामयिक र सान्दर्भिक निर्देशनलाई संगठनले पूर्णरूपमा ऐक्यबद्ध भई अक्षरश: पालना गरी नतिजा दिने गरी काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

प्रहरी महानिरीक्षक कुँवरले संगठन सुदृढिकरणका लागि आन्तरिक शुद्धिकरणलाई प्रस्थानविन्दू बनाउँदै जनमैत्री एवं प्रविधिमैत्री प्रहरी विकास र प्रहरी कार्यसम्पादन गुणस्तर अभिवृद्धि एवं प्रहरी कर्मचारीको मनोबल उच्च राख्दै संगठनको समग्र छवि उचो राख्ने लगायतका विषयलाई प्राथमिकतामा राखी संगठनको दुई वर्षीय कार्ययोजना निर्माणको प्रक्रियामा रहेको बताउनुभयो। प्रणालीगत व्यवस्थापन साँगठनिक विकासको आधारशिला भएको चर्चा गर्दै संगठनको प्रत्येक सदस्यले व्यावसायिक क्षमता प्रदर्शन गर्नसक्ने वातावरणको निर्माण गर्दै योग्यता र कार्यसम्पादन लक्षित कार्य पद्दती निर्माण गर्न संगठन पूर्ण दृढ रहेको उहाँले बताउनुभयो। अपराध रोकथाम एवं घटित अपराधको प्रभावकारी अनुसन्धान, सामाजिक विकृतिको नियन्त्रण र सेवा प्रवाहमा जनअपेक्षा अनुरूपको कार्य सम्पादनको लागि सुदृढ प्रहरी संयन्त्र आजको आवश्यकता रहेको उल्लेख गर्दै प्रहरी महानिरीक्षक कुँवरले नागरिक सुरक्षाको प्राथमिक दायित्व बोकेको नेपाल प्रहरीलाई सुदृढ कार्य सम्पादनको लागि उपयुक्त रणनीति सहित प्रविधि एवं साधनयुक्त बनाउन नेपाल सरकार र तालुक मन्त्रालयबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। निर्देशन सम्बोधन कार्यक्रम अघि नेपाल प्रहरीको संस्थागत प्रस्तुतीकरण कार्यक्रममा गृहसचिव दिनेश भट्टराई समक्ष नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले नेपाल प्रहरीको परिचय, संगठनको संरचना, मानवश्रोत तथा स्रोत साधन व्यवस्थापन, अपराध अनुसन्धान तथ्याङ्क तथा विश्लेषण, प्रहरी कार्य, शान्ति सुरक्षा, निर्वाचन सुरक्षा तथा ट्राफिक व्यवस्थापन, प्रहरी मनोबल, उत्प्रेरणा र सुपरिवेक्षण, अन्तर्राष्ट्रिय समन्वय र सहायता, प्रहरी कार्यमा प्रविधिको प्रयोग, नीति तथा योजना कार्यान्वयनको अवस्था, चुनौति, भावी योजना र अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। निर्देशन सम्बोधन कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृहमन्त्रालयका सहसचिवद्वय केदारनाथ शर्मा र जितेन्द्र बस्नेत, प्रहरी नायव महानिरीक्षकहरु एवम् वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति एवम् भर्चुअल रूपमा ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, गण प्रमुखहरू, तालिम केन्द्रका प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू एवम् सबै जिल्ला प्रहरी प्रमुखहरुको उपस्थिति रहेको थियो।

## नेपाल प्रहरीका कर्मचारीद्वारा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण



*काठमाडौं, ३ जेठ*

अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को १०० औं सदस्यता प्राप्त गरेको नेपालले इन्टरपोलको शताब्दी वर्ष भव्यताका साथ मनाउने कार्यक्रम अन्तर्गत नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै पहिलो पटक प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपालीले २०८० जेठ २ गते बिहान १०:१५ बजे विश्वको सर्वोच्च शिखर सगरमाथाको सफलतापूर्वक आरोहण गर्नु भएको छ । उक्त अवसरमा आरोही नेपालीले सगरमाथाको चुचुरोमा नेपालको राष्ट्रिय झण्डा सहित नेपाल प्रहरी तथा इन्टरपोलको झण्डा फहराउन सफल हुनु भएको छ । प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले २०७९ चैत ३० गते प्रहरी वरिष्ठ नायव निरीक्षक पुरुषोत्तम नेपालीलाई आवश्यक निर्देशन तथा शुभकामना सहित उक्त झण्डाहरु हस्तान्तरण गर्नु भए पश्चात नेपाली सहितको आरोहण दल २०८० वैशाख २ गते काठमाडौंबाट प्रस्थान गरेको थियो । पहिलो पटक वि.सं. २०३१ सालमा नेपाल प्रहरीको ९ सदस्यीय टोलीले ६९२० मिटर उचाईको टुकुचे हिमाल सफलतापूर्वक आरोहण गरेको थियो । साथै २०३३ असोज १६ गते नेपाल प्रहरी कर्मचारीको २७ सदस्यीय टोली र २०४१ भदौ २६ गते नेपाल प्रहरी महिला दलको ३१ सदस्यीय टोलीले ६११९ मिटर उचाईको लोबुचे हिमाल सफलतापूर्वक आरोहण गरेका थिए।

नेपाल प्रहरीले विगतमा सगरमाथाको सरसफाई अभियान तथा विभिन्न हिमालहरू आरोहण सफलतापूर्वक गरेको सन्दर्भमा यस्ता प्रेरणादायी एवम् साहसिक कार्यले भविष्यमा निरन्तरता पाउने विश्वास नेपाल प्रहरीले लिएको छ । यस आरोहणले इन्टरपोलको शताब्दी वर्ष भव्यतापूर्वक मनाईएको सन्देश विश्वसामु प्रवाह हुनुका साथै नेपाल लगायत इन्टरपोलका सदस्य राष्ट्रहरुको अपराधिक क्रियाकलापहरु विरुद्ध ऐक्यवद्धता रहेको र नेपाल प्रहरीको यस सफल आरोहणले विश्वभरका पर्वतारोही पर्यटकहरुमा थप सुरक्षाको अनुभूति दिलाउनुका साथै नेपालको पर्यटन प्रवर्द्धन भई अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास लिइएको छ ।

## UNMISS मिसनमा खटि जान लाग्नुभएका प्रहरी कर्मचारीहरुको बिदाई कार्यक्रम सम्पन्न



*काठमाडौं, ९ जेठ*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मा खटी जाने प्रहरी टोलीलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो । उक्त टोलीमा प्रहरी निरीक्षक १३, प्रहरी नायव निरीक्षक ३, प्रहरी सहायक निरीक्षक १ जना गरी जम्मा १७ जना प्रहरी कर्मचारीहरूको सहभागीता रहेको थियो । साथै उहाँले चैत्र २३ गते UNITED NATIONS MISSION IN SOUTH SUDAN मा खटी जानुहुने प्रहरी निरीक्षक चेतना पोखरेललाई समेत बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत र अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिती रहेको थियो ।

## विदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



*काठमाडौं, १२ जेठ*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट सरूवा भई बिभिन्न कार्यालयहरूमा जान लाग्नु भएका सिनियर प्रहरी अधिकृतहरुको विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न भयो । अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले सरूवा हुनु भएका सिनियर प्रहरी अधिकृतहरुलाई विदाई गर्नुका साथै कार्यक्षेत्रमा कुशलतापूर्वक कार्यसम्पन्न गर्न निर्देशन समेत दिनुभयो । सो अवसरमा विदाई भई जान लाग्नु भएका सिनियर प्रहरी अधिकृतहरूले आ-आफ्नो तर्फबाट प्रतिवद्दता मन्तव्य व्यक्त गर्नुभएको थियो । विदाई भई जान लाग्नु भएका अधिकृतहरूमा प्रहरी उपरीक्षक नविन राज राई, प्रहरी उपरीक्षक राम प्रकाश शाह र प्रहरी नायव उपरीक्षक चिनीमाया तामाङ हुनुहुन्थ्यो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरुको समेत उपस्थिती रहेको थियो ।

## सगरमाथाको सफल आरोही नेपाल प्रहरीका कर्मचारी सम्मानित



*काठमाडौं, १९ जेठ*

अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) स्थापनाको शताब्दी वर्षको अवसरमा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी राष्ट्रिय झण्डा, नेपाल प्रहरी तथा इन्टरपोलको झण्डा सगरमाथाको चुचुरोमा फहराउन सफल आरोही प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपाली, सहयोगी व्यक्ति र सम्बद्ध संस्थालाई सम्मान गरिएको छ । उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित विशेष समारोहमा प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपाली, आरोहणमा सहयोगी भूमिका निर्वाह गर्ने विवस शेर्पा र एलिट हिमालयन एडभेन्चरका डाईरेक्टर मिङ्मा डेविड शेर्पालाई दोसल्ला ओढाई सम्मानपत्र सहित सम्मान गर्नुभयो । साथै आरोही नेपालीले उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठलाई झण्डा तथा आरोहणका सामग्री हस्तान्तरण गर्नुभयो । उक्त झण्डा प्रहरी महानिरीक्षकमार्फत इन्टरपोल हेड अफ एनसिबिको आगामी बैठकमा इन्टरपोल प्रमुखलाई हस्तान्तरण गरिने छ भने अन्य सामग्री नेपाल प्रहरी प्रधान कार्यालयस्थित केन्द्रीय प्रहरी संग्राहलयमा राखिने छ । समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकोमा हार्दिक बधाई दिँदै आगामी दिनमा पनि प्रहरी सेवामा रहेर यसै प्रकारले राष्ट्र र संगठनको गौरव स्थापना गर्ने कार्यमा सफलता प्राप्तिको लागि शुभकामना व्यक्त गर्नुभयो । समाजमा शान्ति सुरक्षा कायम गर्न, अपराध अनुसन्धान तथा नियन्त्रण, तस्करी नियन्त्रण लगायत हरेक क्षेत्रमा राष्ट्रले दिएको जिम्मेवारी नेपाल प्रहरीले सफलता पूर्वक गौरवका साथ पूरा गर्दै आएको चर्चा गर्दै उहाँले नेपाल सरकार सदैव नेपाल प्रहरीको भूमिकाप्रति अत्यन्तै प्रसन्नताका साथ प्रोत्साहित गर्न प्रतिवद्ध रहेको बताउनुभयो ।

सरकारको प्रतिनिधित्व गर्दै नेपाल प्रहरीले देश र जनताको सेवालाई केन्द्रबिन्दुमा राखेर आफ्नो गौरव र प्रतिष्ठा कायम गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा समेत आफ्नो कार्यसम्पादनलाई गम्भीरतापूर्वक वहन गरी आफूलाई रूपान्तरण गर्ने संकल्प गर्न उहाँले अनुरोध गर्नुभयो । सो अवसरमा आभार सहितको मन्तव्य व्यक्त गर्दै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले यस आरोहणमार्फत इन्टरपोलका सदस्य राष्ट्रहरू आपराधिक क्रियाकलापहरू विरुद्ध ऐक्यवद्ध रहेको सकारात्मक सन्देश दिन सफल भएको चर्चा गर्नुभयो । साथै उहाँले समयको विकासक्रमसँगै सिर्जित अपराधका नौलो आयामहरूले प्रहरी समक्ष ल्याएका थप चुनौतीहरूको नियन्त्रणका लागि प्रहरीलाई विभिन्न तरिकाले सक्षम बनाउन इन्टरपोलले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्नुभयो । नेपाल प्रहरीको उपस्थितिले विश्वभरिका पर्वतारोही पर्यटकहरूमा थप सुरक्षाको अनुभूति वृद्धि हुनुका साथै नेपालको पर्यटन प्रवर्द्धन एवम् अर्थतन्त्रमा समेत टेवा पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । आरोहणको लागि सहयोग पुऱ्याउने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागलगायत अन्य संघ संस्था तथा सरोकारवाला निकायप्रति उहाँले कृतज्ञता व्यक्त गर्नुभयो । प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले स्वागत मन्तव्य तथा इन्टरपोल र सम्मान कार्यक्रमका बारेमा जानकारी दिनुभएको उक्त समारोहमा वि.सं. २०३३ सालमा नेपाल प्रहरीको प्रतिनिधित्व गर्दै टुकुचे हिमाल सफलतापूर्वक आरोहण गर्ने ९ सदस्यीय टोली मध्येका अवकाश प्राप्त प्रहरी नायव उपरीक्षक कमल भण्डारी र सर्वोच्च शिखर सगरमाथा आरोही प्रहरी वरिष्ठ नायव निरीक्षक पुरूषोत्तम नेपालीले आरोहण गर्दाको आ-आफ्नो अनुभव सहितको मन्तव्य व्यक्त गर्नुभएको थियो । सो अवसरमा आरोहण सम्बन्धी वृत्तचित्र प्रस्तुत गरिएको थियो ।

सम्मान समारोहमा प्रधान सेनापति महारथी प्रभुराम शर्मा, सशस्त्र प्रहरी महानिरीक्षक राजु आर्याल, राष्ट्रिय अनुसन्धान बिभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, अवकाश प्राप्त प्रहरी महानिरीक्षकहरू, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, गृहमन्त्रालयका सहसचिवहरू, पर्यटन विभागका महानिर्देशक, विभिन्न मन्त्रालय एवम् पर्यटन तथा आरोहणसँग सम्बन्धित संघ संस्थाका आमान्त्रित अतिथिहरू लगायत नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरूको समेत उपस्थिति रहेको थियो ।

## अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP III) कार्यान्वयनको वर्तमान अवस्थाबारे अनुगमन



***काठमाडौं, २४ जेठ***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्वारा तेस्रो अपराध नियन्त्रण तथा अनुसन्धान कार्य **योजना (Crime Action Plan-CAP III)** कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्न नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ सहितका टोलीका सदस्यहरुले मिति २०८० जेठ २४ देखि ३० गते सम्म गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा अन्तर्गतको जिल्ला प्रहरी कार्यालय कास्की, म्याग्दी, मुस्ताङ र सो अन्तर्गत मुद्दा चल्ने प्रहरी कार्यालयहरुको अनुगमन गर्नु भएको थियो । उक्त अवधिमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले उल्लेखित कार्यालयहरुले अपराध अनुसन्धानको क्षेत्रमा गरेका सम्पुर्ण कार्यहरुको सुक्ष्म रुपमा अनुगमन गरी देखिएका कमी कमजोरीहरु तत्काल सुधार गर्न निर्देशन दिई प्रभावकारी अनुसन्धानबाट मात्रै पीडितहरुले न्याय प्राप्त तथा पीडकहरुले कानुनी दण्ड प्राप्त हुने र न्यायमुलक समाज स्थापना हुने हुँदा बयानमुखी अनुसन्धान भन्दा प्रमाणमुखी अनुसन्धानमा ध्यान दिनुपर्ने बताउनुभयो ।

## अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP III) कार्यान्वयनको वर्तमान अवस्थाबारे अनुगमन





***काठमाडौँ, २४ जेठ***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्वारा तेस्रो अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना **(Crime Action Plan-CAP III)** कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्न नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक दिल्ली राज पन्तको नेतृत्वमा मिति २०८० जेठ २४ देखि ३२ गते सम्म बागमती प्रदेश प्रहरी कार्यालय, मकवानपुर अन्तर्गतका जिल्ला प्रहरी कार्यालय मकवानपुर र चितवन तथा र सो अन्तर्गत मुद्दा चल्ने प्रहरी कार्यालयहरु र मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर अन्तर्गतका जिल्ला प्रहरी कार्यालय बारा, पर्सा तथा सो अन्तर्गतका मुद्दा चल्ने प्रहरी कार्यालयहरुको अनुगमन भएको थियो। अनुगमनको क्रममा प्रहरी वरिष्ठ उपरीक्षक पन्तले उक्त कार्यालयहरुमा देखिएका कमिकमजोरी आगामी दिनहरूमा सुधार गरी अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना निर्माण एवं कार्यान्वयन गरी प्रमाणमुखि अनुसन्धान पद्धतिलाई जोड दिनु पर्ने बताउनुभयो।

## सूचना प्रविधि निर्देशनालयद्धारा DIRS “Daily Incident Reporting System” तालिम सम्पन्न




*काठमाडौं, २९ जेठ*

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय नक्सालमा प्रहरी उपरीक्षक सरोज शाक्यको प्रमुख आतिथ्यतामा मिति २०८० जेठ ९ गते देखि संचालित १६ कार्यदिन अवधिको गैह्-आवासीय आधारभुत तालिम तालिम २०८० जेठ २९ गते सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १ ,प्रहरी नायव निरीक्षक ६, प्रहरी सहायक निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार २, प्रहरी हवल्दार ४, प्रहरी सहायक हवल्दार ७ जना र प्रहरी जवान ११ जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।


**“Daily Incident Reporting System”** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गर्नुका साथै दैनिक रुपमा घटेका घटनाहरुलाई Entry गर्न र दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी उपरीक्षक सरोज शाक्यले बधाई समेत व्यक्त गर्नुभयो। उक्त अवसरमा प्रहरी उपरीक्षक सरोज शाक्यले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो।

# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको जेठ महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (चैत-जेठ)




## त्रैमासिक मुद्दा दर्ता र फछ्र्यौट संख्या (चैत-जेठ)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०७९/८० जेठ सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०७९।०८० जेठ)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७९।०८० जेठ)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०७९।०८० जेठ)





## २०८० जेठ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० जेठ महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० जेठ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० जेठ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| | प्रदेश/उपत्यका/ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १५४ | १६ वर्ष ८ महिना ९ दिन | १,७९,३४,९६७ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २०० | १२८ वर्ष ४ दिन | ७०,४५,७५३ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४६४ | ७१ वर्ष ६ महिना २७ दिन | ६,१८,१७,८३४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | २४० | ६३ वर्ष ६ महिना ७ दिन | ५७,९३,१३६ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १७८ | ३०८ वर्ष ५ महिना २० दिन | ३३,६१,०७७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५४ | ५५ वर्ष २५ दिन | १४,५४,५०३ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १८ | ५ वर्ष २ महिना १४ दिन | २,१५,९२५ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | २७ | २४ वर्ष ६ महिना २७ दिन | १,५८,३३१ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १२ | २ महिना १ दिन | ३०,०,३०,००० |
| | **जम्मा** | **१२४७ जना** | **६७३ वर्ष ३ महिना १४ दिन** | **रु.१२,७८,११,५२६** |

## २०८० जेठ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० वैशाख र जेठ महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० जेठ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० जेठ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ११४७५० | ९५६१४ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ६२२ | ५८० |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ४ | ४ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ९८ | ९८ |
| ५ | औंठाछाप प्रमाणिकरण | ३०६ | ३०६ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ९ | ९ |
| **जम्मा** | | **१,१५,७८९** | **९७ ०११** |

# सामुदायिक प्रहरी गतिविधि

२०८० जेठ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)









# आसरा सुधार केन्द्र

## २०८० जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचाररत संख्या





## जेठ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १० जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ३१ जना |
| ३. | हराएका विदेशी नागरिक | २ जना (१ जना मृत्यु) |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | १७,७२० जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०६ जना |

# खोजतलास तथा समन्वय

## २०८० जेठ महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## जेठ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी बिवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट जेठ महिना भित्र बिभिन्न १५ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ती करणी) अन्तर्गत ९२ वटा मुद्दाको ४२५ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- जेठ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी, काठमाण्डौंबाट २०८०/०२/०१ गतेदेखि २०८०/०२/३२ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि **७०८** केशहरु र **५४७१** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **७३०** केशहरु र ७०२७ नमुनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०२/०१ गतेदेखि २०८०/०१/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा १९८५ DATA Entry** भएको ।

- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०२/०१ गतेदेखि २०८०/०२/३२** गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि **१८४** केशहरु र **६१४** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१६७** केशहरु र **५३४** नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमान चोक, नेपालगंजबाट २०८०/०२/०१ गतेदेखि २०८०/०२/३२ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि ८७ केशहरु र **२८३** नमुनाहरु प्राप्त भएकोमा नँया र पुरानो पेण्डीङ केशहरु समेत गरी **५१** केशहरु र **१७६** नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८० जेठ महिनामा परिचालित संख्या**









# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### श्रीमतीको हत्या गरी फरार रहेका अभियुक्त पक्राउ

***काठमाडौं,४ जेठ***

आफ्नै श्रीमती २६ वर्षीया केशु विकको हत्या गरी फरार रहेका अभियुक्त रोल्पा सुनछहरी गाउँपालिका-६ फगाम बस्ने ३९ वर्षीय गर्भे विकलाई प्रहरीले पक्राउ गरेको छ। २०७९ फागुन २० गते दिउँसो गर्भेले श्रीमतीको हत्या गरी कपिलबस्तु शिबराज नगरपालिका-५ चन्द्रौटास्थित प्रयोगमा नआएको रिफ्रेस सेन्टर भवनको सेफ्टी ट्याङकीमा फाली फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा काठमाडौं चन्द्रागिरी नगरपालिका-१० सतुंगलबाट पक्राउ गरेको हो । उनलाई आवश्यक कानूनी कारवाहीको लागि वडा प्रहरी कार्यालय चन्द्रौटा कपिलबस्तु पठाइएको छ।

### चक्कु प्रहार गरी दुई जनाको हत्या गरेको अभियोगमा पक्राउ

***कपिलवस्तु, १८ जेठ***

बाणगंगा नगरपालिका-६ मटेरिया बस्ने ७० वर्षीय बम बहादुर थारु र उनकै भतिजी १८ वर्षीया अन्जनी थारुको हत्या गरेको अभियोगमा रुपन्देही कंचन गाउँपालिका-२ बगही बस्ने २२ वर्षीय मोहन थारुलाई प्रहरीले पक्राउ गरेको छ। मोहनले उनीहरूकै घरमा गई चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका बम बहादुरको सामुदायिक अस्पताल चार नम्बरमा उपचारको क्रममा तथा अन्जनीको सोही अस्पताल हुँदै भैरहवा मेडिकल कलेजमा थप उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### ज्यान सम्बन्धी कसूर अपराधका फरार व्यक्ति १३ वर्षपछि पक्राउ

***काठमाडौं, १९ जेठ***

ज्यान सम्बन्धी कसूर अपराधका फरार प्रतिवादी सिरहा गोलबजार नगरपालिका-१३ बस्ने ५१ वर्षीय जगदिश पासवानलाई घटनाको १३ वर्षपछि प्रहरीले पक्राउ गरेको छ। गोलबजार बस्ने राम बिलास यादवले गाउँमा नराम्रो काम गर्दै हिँडेको भन्ने विषयलाई लिएर छलफल गराउने भन्ने कुरामा दुवै पक्षबीच भएको विवादमा रामले २०६७ वैशाख २८ गते गोली प्रहार गर्दा गोलबजार नगरपालिका-१३ बस्ने बेचन पासवानलाई हातमा र दाजु नथुनी पासवानलाई छातीमा गोली लागि घाइते भएकोमा नथुनी पासवानको घटनास्थलमै मृत्यु र जगदिशले रामलाई कुटपिट गर्दा रामको समेत मृत्यु भएको घटना अनुसन्धानको क्रममा केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले घटनामा संलग्न जगदिशलाई गोलबजार काशीपुर सलेस मन्दिर नजिकबाट पक्राउ गरेको हो । उनलाई थप आवश्यक कानुनी कारवाहीको लागि ईलाका प्रहरी कार्यालय मिर्चौयामा बुझाइएको छ।

### ज्यान मार्ने उद्योगका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २२ जेठ***

ज्यान मार्ने उद्योगका फरार प्रतिवादी काभ्रेपलाञ्चोक घर भई ललितपुर, ललितपुर महानगरपालिका-९ च्यासल बस्ने ३४ वर्षीय वसन्त हमाललाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकबाट ज्यान मार्ने उद्योग मुद्दाको वारदात पश्चात २०६३ फागुन २४ गते फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले ललितपुर महानगरपालिका-९ च्यासलबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक पठाइएको छ।

### आफ्नै छोराको हत्या गरी फरार रहेका अभियुक्त पक्राउ

***काठमाडौं, २४ जेठ***

आफ्नै १४ दिने छोराको हत्या गरी फरार रहेका अभियुक्त बारा देवताल गाउँपालिका-४ तिप्राडी टोल बस्ने २५ वर्षीय नुर आलम अंसारीलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै १४ दिनको छोराको यही जेठ १४ गते हत्या गरी फरार रहेका अंसारीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा काठमाडौं चन्द्रागिरी नगरपालिका-१५ ढुंगेअड्डा पिपलबोटबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय बारा पठाइएको छ।

### आफ्नै बुहारीको हत्या गरेको अभियोगमा सासु र ससुरा पक्राउ

***कैलाली, २८ जेठ***

आफ्नै बुहारी २७ वर्षीया कौशी भन्ने कबिता बुढाको हत्या गरेको अभियोगमा गौरीगंगा नगरपालिका-१ गोप्का बस्ने ५२ वर्षीय डिल्ली सिंह बुढा र उनकै श्रीमती ५० वर्षीया लहरी बुढालाई प्रहरीले पक्राउ गरेको छ। कबिता यही जेठ १८ गतेबाट हराएको भन्ने निवेदनका आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा हत्या गरी गौरीगंगा नगरपालिका-१ केदारेश्वर सामुदायिक बनस्थित सुख्खा नालामा खाल्डोमा गाडेको अवस्थामा कविताको शव फेला परेको थियो। घरको काम नगर्ने, आफुखुशी गर्ने भनी निहु खोज्दै बिवाद हुँदा भान्सा कोठामा रोटी पकाउँदै गरेकी कबितालाई डिल्लीले टाउकोमा चिरपट दाउराले प्रहार गरी हत्या गरेपश्चात डिल्ली र उनकै श्रीमती लहरी मिलेर लाशलाई डोकोमा हाली उक्त बनमा लगि गाडेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएपछि लहरीलाई र फरार रहेका डिल्लीलाई भजनी नगरपालिका-३ सीमावर्ती क्षेत्रबाट प्रहरीले पक्राउ गरेको हो। साथै प्रतिवादी डिल्लीलाई लुकाई छिपाई राख्न सहयोग गर्ने भजनी नगरपालिका-४ बस्ने ४१ वर्षीय जयबीर बुढालाई समेत प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### कम्बोडिया पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १ जेठ***

कम्बोडिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक पाँचपोखरी थाङपाल गाउँपालिका-१ घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका-३ माकलबारी बस्ने २९ वर्षीय सिद्धार्थ तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङ समेतले २ जनालाई वैदेशिक रोजगारीको लागि कम्बोडिया पठाई क्यासिनोमा १ लाख रूपैयाँ भन्दा बढी तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक-पटक गरी १६ लाख रुपैयाँ ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई गोकर्णेश्वर नगरपालिका शिवचोकबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ।

## बैंक खाताको पासवर्ड ह्याक गरी पैसा निकाल्ने ब्यक्ति पक्राउ

***मोरङ, १ जेठ***

सुन्दरहरैचा नगरपालिका बिराटचोकमा रहेका २ वटा बैंकबाट खाताको पासवर्ड ह्याक गरी पैसा निकालेको अभियोगमा सोही ठाउँ बस्ने ३६ वर्षीय देबराज सिक्देललाई प्रहरीले पक्राउ गरेको छ । सुन्दरहरैचा नगरपालिका-४ दुलारीस्थित आरए भिजन एकाउन्टेन सोलुसन प्रालि फर्मका एकाउन्टेन्ट समेत रहेका उनले सोही फर्मका संचालकको नबिल बैंक शाखा कार्यालय बिराटचोकमा रहेको बैंक खाताको पासवर्ड हाक गरी विभिन्न मितिमा २८ हजार १ सय रूपैयाँ र सोही फर्मका संचालकका काकाको माछापुच्छ्रे बैंक शाखा कार्यालय बिराटचौकमा रहेको खाताबाट बिभिन्न मितिमा ६६ हजार ८ सय रुपैयाँ निकालेको खुल्न आएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो । उनी उपर ईलाका प्रहरी कार्यालय बेलवारीबाट थप अनुसन्धान भइरहेको छ ।

## विभिन्न प्रलोभन देखाई ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ५ जेठ***

विभिन्न प्रलोभन देखाई ठगी गरेको अभियोगमा सिन्धुली गोलन्जोर गाउँपालिका-४ घर भएका ४३ वर्षीय कृष्ण मुरारी गुरूङलाई प्रहरीले पक्राउ गरेको छ । गुरूङले विभिन्न मिति र समयमा विशेष अदालतबाट आफ्नो सम्पत्तिहरू रोक्का भएको तथा मुद्दा परेकोले मुद्दा मिलाउन र आफ्नो व्यवहार एवं व्यापार मिलाउन भन्दै एक जना पीडितबाट ७ करोड ७५ लाख रूपैयाँ तथा २० तोला सुन र अर्का एक जना पीडितबाट ३० लाख रूपैयाँ ठगी गरेका थिए । साथै गुरूङले आफूसँग रहेको गाडी बिक्रीमा रहेको, बैंकमा २० लाख रुपैयाँ ऋण तिरेपछि बैंकले उक्त गाडी आफ्नो नाममा पास गरी दिने र उक्त गाडी पीडितलाई खरिद गर्न दिने भन्दै विश्वासमा पारी अर्की महिला पीडितबाट समेत २० लाख रुपैयाँ ठगी गरी फरार भएको उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर ठगी, अपराधिक लाभ तथा आपराधिक विश्वसघात सम्बन्धी कसूरमा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## विभिन्न धनमाल चोरी

***ललितपुर, ११ जेठ***

महालक्ष्मी नगरपालिका-४ ईमाडोल डेरा गरी बस्ने धनुषा हंसपुर घर भएका ३९ वर्षीय सर्बेस दासको कोठामा कोही नभएको अवस्थामा मुल गेटको ताला फोडी नगद तथा सुनका विभिन्न गरगहना समेत गरी करिब ११ लाख ६ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सर्बिया पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १७ जेठ***

वैदेशिक रोजगारीका लागि सर्बिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सर्लाही हरिवन नगरपालिका-५ घर भई हाल काठमाडौं महानगरपालिका-३२ तिनकुने बस्ने २७ वर्षीय निरोज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ । बुढाथोकीले ४ जना पीडितलाई वैदेशिक रोजगारका लागि सर्बिया पठाई कृषिमा काम लगाइदिन्छु मासिक १ लाख रूपैयाँ भन्दा धेरै तलब हुन्छ भन्दै प्रलोभनमा पारी पीडितहरुबाट पटक पटक गरी १२ लाख रूपैयाँ रकम लिई सम्पर्क विहीन भई ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ ।

## अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, १९ जेठ***

सामाजिक संजाल फेसबुकमार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा सप्तरी बोदेबरसाइन नगरपालिका-१४ घर भई काठमाडौं महानगरपालिका-२२ सुन्धारा बस्ने २३ वर्षीय धर्मेन्द्र कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक संजाल फेसबुकमार्फत सम्पर्कमा आएकी केटी साथीको अनुमति बिना पीडितकै मोबाईल लिएर मोबाईल बैंकिङ तथा खातामा पहुँच पुऱ्याई विभिन्न ईसेवा तथा खल्ती वालेटमा रकम ट्रान्सफर गरी अनलाईन मार्फत ठगी गर्ने कार्यमा संलग्न रहेको खुल्न आएपछि उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई ठगी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा पठाइएको छ ।

## फेसबुकमा लोन सेवा नाम पेज बनाई रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २६ जेठ***

फेसबुकमा घर जग्गा लोन सेवा नामक पेज बनाई रकम ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-११ घर भई काठमाडौं महानगरपालिका-३ बसुन्धारा बस्ने नकुल चालिसे, आकाश भट्टराई, आरएन क्षेत्री भन्ने २७ वर्षीय रामचन्द्र चालिसेलाई प्रहरीले पक्राउ गरेको छ । उनले फेसबुकमा २०७९ फागुन ११ गतेदेखि घर जग्गा लोन सेवा पेज बनाई लोन चाहिएमा सम्पर्क गर्नुहोस भन्दै प्रलोभनमा पारी विभिन्न व्यक्तिहरूबाट चेक तथा नगद गरी ५७ लाख २० हजार रुपैयाँ लिई अर्काको नामको नागरिकता दुरूपयोग गरी विभिन्न बैंकमा खाता खोली खाताको चेक दिई ठगी गर्ने कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनी उपर ठगी तथा बैंकिङ कसूर मुद्दामा थप अनुसन्धान भइरहेको छ ।

## लुकाई छिपाई अवैध रुपमा लैजान लागेको अमेरिकी डलर सहित पक्राउ

***काठमाडौं, २९ जेठ***

काठमाडौं महानगरपालिका-९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लुकाई छिपाई अवैध रुपमा लैजान लागेको ९ हजार ४ सय १३ अमेरिकी डलर सहित दोलखा बिगु गाउँपालिका-७ स्थायी वतन भएका ३६ वर्षीय प्रेम नोर्बु शेर्पालाई प्रहरीले पक्राउ गरेको छ । नेपाल एयरलाईन्सको उडानद्वारा काठमाडौंबाट थाईल्याण्ड जान लागेका शेर्पालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड व्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा लुकाई छिपाई अबैध रुपमा बाहिरी मुलुकतर्फ लैजान लागेको अवस्थामा विभिन्न दरका उक्त अमेरिकी डलर सहित फेला पारी पक्राउ गरेको हो । उनलाई बरामद बिदेशी मुद्रासहित राजस्व अनुसन्धान विभाग हरिहरभवन ललितपुरमा पठाइएको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***मोरङजेठ ९ ,***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलबारी नगरपालिका-३ खोरिया टोल बस्ने २० वर्षीय नबिन महरालाई प्रहरीले पक्राउ गरेको छ । महराले ती बालिकालाई आफ्नै घर कोठाभित्र लगि जबरजस्ती करणी गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट

खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***रूपन्देही, ९ जेठ***

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कोटहीमाई गाउँपालिका-७ भैसाघान बस्ने २० वर्षीय रियाज अहमद मुसलमानलाई प्रहरीले पक्राउ गरेको छ। मुसलमानले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय मझगावाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १४ जेठ***

**बर्दिया,** ७० वर्षीया वृद्धा महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा मधुवन नगरपालिका-४ मधुवन गाउँ बस्ने ६० वर्षीय मंगाराम थारुलाई प्रहरीले पक्राउ गरेको छ। थारुले ती महिलालाई पीडितकै घरमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय ढोढरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ **गरेको हो।**

**झापा,** १७ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा अर्जुनधारा नगरपालिका-११ स्टाप चोक बस्ने २७ वर्षीय बिवेक श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। बिवेकले ती किशोरीलाई सोही ठाउँस्थित साथीको कोठामा आएकी अवस्थामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, २९ जेठ***

४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-३ हडिया बस्ने १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध सहित पाँच जना पक्राउ

***काठमाडौं, ३ जेठ***

**बारा,** निजगढ नगरपालिका-८ उनासी पुलस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब १३ केजी ५ सय ग्रामसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मकवानपुर मनहरी गाउँपालिका-८ ज्यामिरे बस्ने ३४ वर्षीय राजकुमार भने चन्द्र बहादुर मोक्तान, झापा मेची नगरपालिका-६ शान्तिटोल बस्ने ४६ वर्षीय शंकर दाहाल, सोही नगरपालिका-७ बस्ने ३४ वर्षीय बिनोद कुमार पोखरेल र रौतहट चन्द्रपुर नगरपालिका-८ बस्ने २४ वर्षीय अर्जुन गौतम रहेका छन्। ईलाका प्रहरी कार्यालय निजगढबाट खटिएको प्रहरीले हेटौंडाबाट काँकडभिट्टातर्फ जाँदै गरेको मे.१ ख २३२२ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसको सिट मुनी स्याउको कार्टुनभित्र लुकाई छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

**मोरङ,** उर्लाबारी नगरपालिका-४ बक्राहा पुलको मलामी चौतारी नजिकबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ करिब ४ ग्राम ७ सय ६० मिलिग्राम सहित सोही नगरपालिका-४ आइतबारे बस्ने सन्जय प्रधानलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले मे.५ प ८८२४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक प्रधानलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषधसहित छुट्टाछुट्टै स्थानबाट १४ जना पक्राउ

***काठमाडौं, ७ जेठ***

**काठमाडौं,** महानगरपालिका-१६ पक्नाजोलस्थित सबल क्याफे एण्ड खाजा घरबाट अवैध लागूऔषध आइस ड्रग्स जस्तो पदार्थ ३ ग्राम ५ मिलिग्राम, चरेश जस्तो पदार्थ २ सय ६४ ग्राम, लाइजरजिक एसिड डाइथेलामाइड १३ पिस र पोल्याण्ड जस्तो पदार्थ ३८ ग्राम र नगद ४९ हजार रूपैयाँ सहित जापानिज नागरिक युचिरो अबेमास्तु र ३ जना नेपाली समेत गरी ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। उक्त खाजा घरमा लागूऔषध बिक्री भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उक्त लागूऔषध सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

**मकवानपुर,** हेटौंडा उपमहानगरपालिका-१ चौकिटोलस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब ९२ किलो सहित भारत घर भएका १८ वर्षीय किशोर समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा बागमती प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले हेटौंडातर्फ आउँदै गरेको बीआर ०१ बीएन १५१८ नम्बरको कारलाई जाँच गर्ने क्रममा उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

**बाँके,** कोहलपुर नगरपालिका-३ मैटहवाबाट अवैध लागूऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थ करिब १ सय ७० मिलिग्राम सहित सोही ठाउँ बस्ने २६ वर्षीय अक्ष कुमार थारुलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी बिट मदनचोकबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

**झापा,** मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम सहित बुद्धशान्ति गाउँपालिका-१ बस्ने २२ वर्षीय समिर दर्जी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

**कैलाली,** धनगढी उपमहानगरपालिका-२ त्रिनगर ब्यारेलबाट अवैध लागूऔषध ब्राउनसुगर १ सय ७० मिलिग्राम सहित भारत पलिया बस्ने २४ वर्षीय मनोज सिंहलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले उनलाई उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो।

**सुर्खेत, वीरेन्द्रनगर** नगरपालिका-११ गैरीगाउँबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम ५ सय ५० मिलिग्राम र नगद १० हजारसहित सोही ठाउँ बस्ने ५२ वर्षीया तस्लिमा बिबि समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रदेश प्रहरी कार्यालय सुर्खेत लागूऔषध नियन्त्रण व्यूरो र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

**मोरङ,** बिराटनगर महानगरपालिका-१८ मुसरी टोल नजिकबाट अवैध लागूऔषध गाँजा करिब ३० किलोग्राम प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको प्रहरीलाई देख्नासाथ भारततर्फ जाँदै गरेका अपरिचित व्यक्तिहरूले बोरा फाली फरार भएपश्चात जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित पक्राउ

***काठमाडौं, ८ जेठ***

**धादिङ,** बेनिघाट रोराङ गाउँपालिका-९ मझिमटारबाट अवैध लागूऔषध गाँजा ४ किलो १ सय १० ग्राम सहित पर्वत फलेवास नगरपालिका-१० बस्ने ३४ वर्षीय राज कुमार क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौंबाट पोखरातर्फ जाँदै गरेको बा.२ ख १४१० नम्बरको हाइसलाई प्रहरीले जाँच गर्ने क्रममा हाइसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो ।

**पर्सा**, वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट नियन्त्रित लागूऔषध फेनारगन २९ एम्पुल, डाइजेपाम २९ एम्पुल र नुर्फिन २९ एम्पुलसहित मकवानपुर हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरी बस्ने २७ वर्षीय गोबिन्द लोप्चनलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी ईनार्वा र लागूऔषध नियन्त्रण व्यूरो पर्साबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पदैल आउँदै गरेका उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध सहित पक्राउ

***काठमाडौं, ११ जेठ***

**काठमाडौं,** काठमाडौं महानगरपालिका-१४ बल्खुबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने बस्तु करिब ५ सय ग्रामसहित काठमाडौं कीर्तिपुर बस्ने ३२ वर्षीय बिनायक श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले बा.प्र ०२-०४० प.८०७१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार श्रेष्ठलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

**यसैगरी काठमाडौं,** चन्द्रागिरी नगरपालिका-२ स्थित देउराली भञ्जाङबाट अवैध लागूऔषध गाँजा करिब ४ केजी ५ सय ग्राम सहित धादिङ गल्छी गाउँपालिका-१ बस्ने २६ वर्षीय बिपिन मगरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको ना.५१ प ३३६८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

**बारा,** निजगढ नगरपालिका-८ तामागेटस्थित सडकबाट अवैध लागूऔषध गाँजा १२ केजी सहित सोही नगरपालिका-३ सिंगौल टोल बस्ने ४५ वर्षीय अर्जुन कुमार तामाङलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको प्रहरीले हेटौंडाबाट महोत्तरीतर्फ जाँदै गरेको ना.७ ख ६४६० नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त गाँजा सहित फेला परी पक्राउ गरेको हो ।

**बाँके,** नेपालगंज उपमहानगरपालिका-२० राझाँ चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १४ ग्राम सहित सोही उपमहानगरपालिका-१४ उदयपुरुवा बस्ने २५ वर्षीय सिताराम लोनियालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

**मकवानपुर,** थाहा नगरपालिका-२ फेदिगाउँ बस्ने ५५ वर्षीय सूर्य तामाङलाई अवैध लागूऔषध गाँजाको धुलो १८ केजी ४० ग्राम सहित प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त परिमाणको गाँजाको धुलो फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध चरेश सहित एक जना पक्राउ

***पर्सा, १२ जेठ***

कालिकामाई गाउँपालिका-१ बाट अवैध लागूऔषध चरेश १० किलोग्राम सहित सोही ठाउँ बस्ने २१ वर्षीय अनिल पासवानलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी आशवारीबाट खटिएको प्रहरीले बीआर २२ एटि ८४९८ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा २० वटा प्याकेटमा रहेको उक्त चरेश फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध सहित पक्राउ तथा गाँजा बरामद

***काठमाडौं, २४ जेठ***

**कञ्चनपुर,** भिमदत्त नगरपालिका-६ ऐठपुरबाट अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ २६ मिलिग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने २१ वर्षीय रबिन्द्र चन्द, १९ वर्षीय दिवस चन्द र १ जना १८ वर्षीया किशोरी रहेका छन् । उक्त ठाउँमा लागूऔषध कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय महेन्द्रनगर र जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

**पर्सा,** पटेर्वा सुगौली गाउँपालिका-१ गदीपानी गाउँबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ९ केजी ४ सय २० ग्राम प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरीलाई देख्नासाथ ३ जना अपरिचित व्यक्तिहरूले झोला र प्लाष्टिकको बोरा छोडी फरार भएपछि प्रहरीले झोला र बोरा तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित पाँच जना पक्राउ

*काठमाडौं, ३२ जेठ*

कैलाली, गोदावरी नगरपालिका-२ डेरा गरी बस्ने २० वर्षीय वीरेन्द्र वडलाई अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ १ सय ९० मिलिग्राम र सोही ठाउँ बस्ने २४ वर्षीय बिनोद दियाललाई अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ ८ सय ५० मिलिग्रामसहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा खटिएको प्रहरीले उनीहरूको घर तलासी गर्दा उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

सुर्खेत, वीरेन्द्रनगर नगरपालिका-४ कुमाई चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम १० मिलिग्रामसहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ बस्ने ३० वर्षीय सागर गुरुङ र सोही ठाउँ बस्ने ३७ वर्षीय रविन्द्र सिंह थापा रहेका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत र लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह चेकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २० ग्रामसहित कोहलपुर नगरपालिका-१२ बस्ने १९ वर्षीय ज्ञानेन्द्र टमटालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंज र ईलाका प्रहरी कार्यालय जमुनाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## भारतको आसाम पुऱ्याई नाबालिका बेचबिखन गर्ने अभियुक्त पक्राउ

***काठमाडौं, १ जेठ***

भारतको आसाम पुऱ्याई नाबालिका बेचबिखन गरेको अभियोगमा म्याग्दी रघुगंगा गाउँपालिका-३ बस्ने ३० वर्षीया अप्सरा भन्ने एलिना खत्रीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौंमा बस्ने आफन्तकोमा जान्छु भनि नुवाकोटबाट बसमा जाने क्रममा ती नाबालिकालाई बसमा सँगै रहेका पुरूषले खानेकुरा तथा पानीमा बेहोश हुने औषधी मिसावट गरी खुवाई बेहोश बनाई भारत आसामको कछर सिल्चर भन्ने स्थानको रेड लाइट एरियाको कोठीमा पुऱ्याई बेचबिखन गरी जबरजस्ती वेश्यावृत्तिमा लगाई राखेको अवस्थामा नेपाल प्रहरी, भारतीय प्रहरी र माईती नेपालको सहयोगमा ती नाबालिकाको उद्दार गरिएको थियो । थप अनुसन्धानको क्रममा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा उक्त कार्यमा संलग्न एलिना खत्रीलाई झापाबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ भने कसूरमा संलग्न अन्य फरार प्रतिवादीहरूको समेत खोजी भइरहेको छ।

## गैंडाको खाग सहित तीन जना पक्राउ

***ललितपुर, ३ जेठ***

ललितपुर महानगरपा लिका-४ स्टिलटावर चोक नजिकबाट २ सय ९७ मिलिग्राम तौल भएको गैंडाको खाग (ओखेटोपहार) सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चितवन राप्ती नगरपालिका-५ भवानीपुर घर भई ललितपुर एकान्तकुना बस्ने २८ वर्षीय रोशन घिमिरे, २४ वर्षीय युवराज घिमिरे र धादिङ बेनिघाट रोराङ गाउँपालिका-२ घर भई काठमाडौं नयाँबजार बस्ने २८ वर्षीय वीरेन्द्र तामाङ रहेका छन्। उक्त चोक नजिक गैंडाको खाग खरिद बिक्री गर्दै गरेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरीले उनीहरूलाई उक्त खाग सहित फेला पारी पक्राउ गरेको हो। उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि डिभिजन वन कार्यालय गोदावरी ललिपुरमा पठाइएको छ।

## अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १० जेठ***

अनलाइनबाट नाबालिकालाई शोषण र दुर्व्यवहार गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-१९ पुरनचौर बस्ने २१ वर्षीय मनीष भुजेललाई प्रहरीले पक्राउ गरेको छ। भुजेलले सामाजिक सञ्जाल ईस्न्याप च्याट एवम् भाइबर मार्फत पीडित नाबालिकासँग कुराकानीकै क्रममा विभिन्न प्रलोभन देखाई, फकाई-फुल्याई अश्लील कुराकानी तथा भिडियो च्याट गरी सो कार्यको स्क्रिन रेकड गरेको, पीडितले त्यस्ता अवाञ्छित हर्कत गर्न नमानेपछि धम्कीपूर्ण म्यासेज पठाउनुका साथै पीडितकी आमालाई समेत विभिन्न अनर्गल कुराकानीहरू गरी म्यासेज पठाई पीडित नाबालिकालाई अनावश्यक मानसिक तनाव, दुःख, हैरानी र बेइज्जत गर्नुका साथै चरित्रहत्या गरेको खुल्न आएपछि नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय कास्कीको सहयोगमा उनलाई कास्की पोखराबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप गरी प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) सहित तीन जना पक्राउ

***काठमाडौं ,१३ जेठ***

नवलपरासी (पश्चिम) रामग्राम नगरपालिका-१८ धरमपुरबाट संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) जस्तो देखने वस्तु १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही नगरपालिका-१८ धरमपुर बस्ने ६५ वर्षीय होम बहादुर विक, ४३ वर्षीय कृष्ण बहादुर महतो र ६८ वर्षीय सिखा राम थारु रहेका छन्। संरक्षित वन्यजन्तुको आखेटोपहार अबैध रुपमा ओसारपसार तथा खरिद बिक्री भइरहेको भन्ने बिशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौंबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय रुपन्देही र जिल्ला प्रहरी कार्यालय नवलपरासी (पश्चिम) को समन्वयमा उनीहरूलाई उक्त वस्तु सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कानूनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय नवलपरासी (पश्चिम) मार्फत डिभिजन वन कार्यालय नवलपरासीमा वुझाइएको छ।

## रक्तचन्दन तेलको अवैध रूपमा कारोबार गर्ने आठ जना पक्राउ

***काठमाडौं, १५ जेठ***

करिब २ करोड रुपैयाँ बराबरको रक्तचन्दन तेलको अवैध रूपमा कारोबार गरेको अभियोगमा आठ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-७ चावहिल बस्ने ३० वर्षीय सुशिल पाठक, कालिकोट रासकोट नगरपालिका-८ घर भई काठमाडौं चाबहिल बस्ने २८ वर्षीय बिनोद बराल, सुर्खेत वीरेन्द्रनगर नगरपालिका-१५ घर भई काठमाडौं कलंकी बस्ने ३६ वर्षीय ज्ञान बहादुर ओली, रामेछाप लिखुतामाकोसी गाउँपालिका-२ घर भई काठमाडौं काडाघारी बस्नेहरू ३५ वर्षीय नविन दाहाल, ३९ वर्षीय गोकर्ण हरि दाहाल, बाँके कोहलपुर नगरपालिका-११ घर भई काठमाडौं चाबहिल सरस्वतीनगर बस्ने ५८ वर्षीय निल कान्त भुसाल, धादिङ निलकण्ठ नगरपालिका-९ घर भई काठमाडौं जडिबुटी बस्ने ६३ वर्षीय मोहन बहादुर बिश्वकर्मा र सोलुखुम्बु माप्यदुधकोसी गाउँपालिका-६ घर भई काठमाडौं महांकाल बस्ने ४० वर्षीय खेमराज घिमिरे रहेका छन्। काठमाडौं महानगरपालिका-६ चुच्चेपाटीमा ८० लिटर रक्तचन्दनको तेल प्रति लिटर २ लाख ५० हजार रूपैयाँको दरले अबैध कारोबार भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई रक्त चन्दनको तेल सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौंमा पठाइएको छ।

## जुवातास खेलिरहेको अवस्थामा चार जना पक्राउ

***काठमाडौं, २१ जेठ***

दक्षिणकाली नगरपालिका-४ चाल्नाखेलबाट जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ७२ वर्षीय रामशरण खत्री समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरुलाई नगद ५२ हजार ३ सय ४५ रुपैयाँ, तास, पासा गोटी १६ थान, पासा डण्डी ३ थान र पासा खेल्न प्रयोग भएको कपडाको चारपाटे पासा बोर्ड १ थानसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अनलाइनको माध्यबाट यौन दुर्व्यवहार गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २२ जेठ***

सामाजिक सञ्जालको माध्यबाट यौन दुर्व्यवहार गरेको अभियोगमा जुम्ला तिला गाउँपालिका-९ रासा घर भई भक्तपुर चाँगुनारायण नगरपालिका-२ दुवाकोटमोड बस्ने २३ वर्षीय दिनेश कुमार राउतलाई प्रहरीले पक्राउ गरेको छ। सामाजिक सञ्जाल टिकटकमार्फत पीडित महिलासँग साथी बनी कुराकानी गर्ने क्रममा सामाजिक संजालका विभिन्न प्लेटफमहरूमा साथी बनाई संवाद गर्ने क्रममा अनलाइन माध्यमद्वारा यौन दुर्व्यवहार गरी स्क्रीन रेकर्ड समेत गरेर पटक-पटक भेट्न बोलाउने र बोलाएको स्थानमा भेट्न नजाँदा फेक आईडीमार्फत अश्लील क्याप्सन राखी, अश्लील भिडियो तथा तस्विर पोष्ट गरी दुःख हैरानी तथा चरित्र हत्या गरेको खुल्न आएपछि उनलाई विद्युतीय कारोबार ऐन, २०६३ अपराध अन्तर्गतको कसूरमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले भक्तपुरबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कारागारमा रहेको थुनुवालाई छुटाईदिन्छु भनि रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २५ जेठ***

कारागारमा रहेको थुनुवालाई छुटाईदिन्छु भनि रकम ठगी गर्ने सिन्धुपाल्चोक चौतारा नगरपालिका-१ घर भई भक्तपुर मध्यपुर ठिमी नगरपालिका-९ बस्ने ४२ वर्षीय सञ्च तामाङलाई प्रहरीले पक्राउ गरेको छ। वैदेशिक रोजगार ठगी मुद्दामा कारागारमा रहेको थुनुवालाई छुटाईदिन्छु भनि पटक पटक गरी ४ लाख रूपैयाँ लिई ठगी गरी फरार रहेका तामाङलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं बानेश्वरबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## बाघको छाला र हड्डी जस्तो देखिने वस्तु सहित दुई जना पक्राउ

***दाङ, २६ जेठ***

लमही नगरपालिका-९ अमिलियाबाट बाघको छालाजस्तो देखिने ९ फिट ६ इन्च लामो वस्तु १ थान र बाघको हड्डी जस्तो देखिने वस्तु ८ केजी ४ सय ३० ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा राजपुर गाउँपालिका-७ बस्ने ३१ वर्षीय बीर बहादुर पुन र रोल्पा माडी गाउँपालिका-३ बस्ने २८ वर्षीय अमलाल घर्ती मगर रहेका छन्। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय तुलसीपुर र ईलाका प्रहरी कार्यालय अमिलियाबाट संयुक्त रुपमा खटिएको प्रहरीले बा.२० प ९०७२ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त वस्तु सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## विभिन्न हतियारको १ सय २ राउण्ड गोली बरामद

***पर्सा, २८ जेठ***

वीरगंज महानगरपालिका-१०स्थितबाट हर्नेटमा प्रयोग हुने १७ राउण्ड, एसएलआरमा प्रयोग हुने ४ राउण्ड, ९ एमएमको ३२ राउण्ड, ३८ बोरको २४ राउण्ड, ४५ एमएमको ४ राउण्ड, फेडेरल म्यागनममा प्रयोग हुने ८ राउण्ड, विनचेस्टरमा प्रयोग हुने ५ राउण्ड, ५४ एमएमको ३ राउण्ड, ७ एमएमको १ राउण्ड र बिग्रेको खोका ४ राउण्ड समेत गरी जम्मा १ सय २ राउण्ड गोली प्रहरीले बरामद गरेको छ। वीरगंज महानगरपालिकाको जेसीबीको सहयोगमा बाटोको नाला सफा गर्ने क्रममा शंकास्पद रुपमा प्लास्टिकको झोला भेटिएको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी चौकी आदर्शनगरबाट खटिएको प्रहरीले झोला जाँच गर्ने क्रममा उक्त परिमाणको गोली फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा २२ जना पक्राउ

***काठमाडौं, ३१ जेठ***

**भक्तपुर,** सूर्यबिनायक नगरपालिका-१ सिरुटार बिरुवा बसपार्कस्थित पार्किङमा राखेको बा.प्र-०१-००६ ख १५१८ नम्बरको बसमा जुवातास खेलिरहेको अवस्थामा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-३ बस्ने २३ वर्षीय जिवन अर्यालसहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग सिरुटारबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७२ हजार ५ सय ४५ रूपैयाँ र २ बुक तास सहित फेला पारी पक्राउ गरेको हो।

**लमजुङ,** दोर्दी गाउँपालिका-४ नौथर सेरास्थित ए वन होटलमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने २९ वर्षीय कुमार राना समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय लमजुङ र प्रहरी चौकी श्रीभञ्ज्याङबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ७६ हजार ६ सय ३५ रूपैयाँ र ३ बुक तास सहित फेला पारी पक्राउ गरेको हो।

**तेह्रथुम,** आठराई गाउँपालिका-१ फाल्गुनन्द चोकस्थित पाथिभारा भ्यू होटलमा जुवातास खेलिरहेको अवस्थामा सोही गाउँपालिका-६ चुहानडाँडा बस्ने ३५ वर्षीय लोक नारामान कन्दङ्वा सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय आठराईबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २९ हजार २ सय १ रूपैयाँ र ३ बुक तास सहित फेला पारी पक्राउ गरको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## वान एक्स बेट सट्टाबाजी गर्न गराउनका लागि उत्प्रेरित गर्ने आठ जना पक्राउ

***काठमाडौं, ३२ जेठ***

वान एक्स बेट सट्टाबाजी गर्न गराउनको लागि उत्प्रेरित गर्न संलग्न रहेको अभियोगमा आठ जनालाई काठमाडौंका विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा गोरखा बारपाक सुलिकोट गाउँपालिका-६ घर भई काठमाडौं बनस्थली बस्ने ३५ वर्षीय मरिचमान श्रेष्ठ, कास्की पोखरा महानगरपालिका-३३ घर भई हाल काठमाडौं नयाँबजार बस्ने ३६ वर्षीय राजु पौडेल, धनकुटा चौबिसे गाउँपालिका-५ घर भई भक्तपुर सिरूटार बस्ने २८ वर्षीय पवन खतिवडा, उदयपुर घर भई ललितपुर टिकाथली बस्ने २८ वर्षीय अलिस राई, रोल्पा रोल्पा नगरपालिका-६ घर भई काठमाडौं कीर्तिपुर बस्ने २४ वर्षीय जलन घर्ति मगर, मुगु छायानाथ रारा नगरपालिका-५ घर भई ललितपुर टिकाथली बस्ने १९ वर्षीय गणेश देवकोटा, मोरङ विराटनगर महानगरपालिका-५ घर भई भक्तपुर ठिमी बस्ने २५ वर्षीय सरोज घिमिरे र प्युठान मल्लरानी गाउँपालिका-४ घर भई काठमाडौं कलंकी बस्ने २८ वर्षीय बेगम नेपाली रहेका छन्। बेटिङ एप्लिकेसन वान एक्स बेटमार्फत विभिन्न खेलहरू खेलाउनको लागि आफ्नो युट्युब च्यानलमार्फत वान एक्स बेटलाई प्रचार-प्रसारमा सहयोग पुग्ने गरी प्रोमो कोड समेत दिई विज्ञापन गरी सर्वसाधारणलाई सट्टाबाजी गर्न गराउनको लागि उत्प्रेरित गर्न संलग्न उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनीहरूउपर सट्टाबाजी गर्न वा गराउन नहुने कसूरमा थप अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

# उत्कृष्ट अनुसन्धान

## ज्यान मार्ने उद्योग

मिति २०८०।०२।०७ गते बेलुका अं.१८:३० बजेको समयमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.९ शंखमुल स्थित सार्वजनिक स्थानमा जिल्ला कैलाली लम्कीचुहा न.पा. वडा नं.४ अमरपुर घर भई काठमाण्डौ जिल्ला वुद्धनगर बस्ने बर्ष १९ को जगत शाही र जिल्ला कैलाली, टिकापुर न.पा. वडा नं.१ घर भई हाल काठमाडौ वुद्धनगर बस्ने बर्ष १८ को प्रकाश शाहीलाई धारिलो एवं जोखिमी हतियार फलामको खुँडा प्रहार गरी घाईते बनाएको घटना सम्बन्धमा वारदातमा संलग्न जिल्ला कैलाली टिकापुर ५ घर भई काठमाण्डौ बल्खु बस्ने बर्ष २३ को चरण विष्टलाई खुँडा सहित तत्कालै प्रहरीले नियन्त्रणमा लिएको र उक्त घटनामा संलग्न रही फरार रहेका जिल्ला अछाम कमलवजार २ घर भई काठमाण्डौ कलंकी बस्ने बर्ष २१ को विशाल खड्का र जिल्ला सुर्खेत विरेन्द्रनगर १ घर भई काठमाण्डौ किर्तिपुर बस्ने बर्ष २० को लोकेन्द्र विष्टलाई ऐ.८ गते विहान पक्राउ गरी ज्यान मार्ने उद्योग मुद्दामा अनुसन्धानपश्चात सम्मानित अदालतमा पेश हुँदा प्रतिवादी चरण विष्ट रु.५०,०००।- धरौटी तिर्न नसकी थुनामा गएको, विशाल खड्का र लोकेन्द्र विष्ट जनही रु.२५,०००।- धरौटी तिरी छुटेको।

## बालयौन दुरुपयोग

म जाहेरवालाकी छोरी बर्ष १५ की साक्षी कलौनी परिवर्तित नाम २०७९।२०८० जि.७५(७२) क कुमारी जिल्ला कञ्चनपुर भि.न.पा.१८ स्थित महेन्द्र नमुना उच्च मा.वि. साधारण स्कुलमा कक्षा १० मा पढ्दै आएकीमा मिति २०७९।११।२९ गते देखी लगातार रुपमा अन्यायी ऐ.ऐ.५ सुकासाल बस्ने बर्ष ३५ को महेश महर मेरो छोरी स्कुलबाट बिदा भई घर जान लाग्दा गेट अगाडि बसी पिछा गरी पछी पछी लागि ऐरी चौराहा सम्म पिछा गरी नहरको एकान्त बाटोमा रोकी म सनराईज स्कुलको शिक्षक हुँ तिमीलाई ट्युसन पढाई दिउँला भनी प्रलोभनमा पारी छोरीको गालामा किस खाने चिमोट्ने छोरीको संवेदनशील अंगहरुमा समात्ने गरेको भनी मिति २०८०।०१।२८ गते छोरीले जानकारी गराएकोले निज अन्यायीलाई पक्राउ गरी कानून बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको पीडित बालिकाकी आमा परिवर्तित नाम २०७९।२०८० जि.७५(७२) कुमारीको जाहेरी प्राप्त भएकोमा सो सम्बन्धमा सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित कञ्चनपुर जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०२।२१ गते आदेशानुसार निज प्रतिवादी रु.३०,०००/- धरौटीमा तारेखमा छोडेको ।

## जबरजस्ती करणी

मिति २०७९।११।२२ गते अं.२३:३० बजेको समयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं.५ टिकाथली स्थित पीडित परिवर्तित नाम ०७९।०८० सातदोबाटो (१७३) लाई डेराकोठामा बसिरहेको समयमा विपक्षी आशिष थापा उक्त डेराकोठा आई ढोका बन्द गरी पीडितलाई खाटमा लडाई पीडितको सम्पूर्ण कपडा खोली ज्यान मार्ने धम्की दिई जबरजस्ती करणी गरी भागी फरार रहेको भन्ने ब्यहोराको परिवर्तित नाम ०७९।०८० सातदोबाटो (१७३) को जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भएकोमा निज प्रतिवादी आशिष थापालाई पक्राउ गरी जबरजस्ती करणी मुद्दामा अनुसन्धानपश्चात पेश हुँदा सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८०।०२।३२ गतेको आदेशले रु.५० हजार धरौटी माग भएकोमा दाखिला गरी छुटी गएको।

## जबरजस्ती करणी

मिति २०८०।०२।०२ गते बिहानको अन्दाजी ०७:०० बजेको समयमा जिल्ला ताप्लेजुङ, फुङलिङ नगरपालिका वडा नं.२ घरेलु अफिस अगाडि कसूरदार परिवर्तित नाम ताप्लेजुङ (४१) को घरको तलामाथी रहेको कोठाभित्र काठको कुर्सीमा जाहेरवाली ०७९।०८०, परिवर्तित नाम ०१ (त) लाई बोल्न कराउन समेत नदिई बिभिन्न किसिमको धाक धम्की दिई प्रतिवादी हर्क बहादुर विश्वकर्माले हाडनातामा जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम गरी पाँउ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी सम्मानित ताप्लेजुङ जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०२।२९ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षका लागि कारागार चलान भएको।

## अपहरण, शरीर बन्धक तथा ज.ज.क.

परिवर्तित नामथर ४३ (४०) लाई मिति २०७९।११।०६ गते बिहान अं.०३:१५ बजेतिर जिल्ला बागलुङ, बागलुङ नगरपालिका वडा नं.९ तित्याङ घर भई हाल पोखरा म.न.पा. वडा नं.११ नयाँबजार बस्ने राजन बोसेलको छोरा बर्ष २३ को प्रभात बोसेलले फोन गरी धम्काई जबरजस्ती आफ्नो बा ७४ प १०८३ नं.को क्रस फायर बाईकमा चढाई, मोटरसाईकलमा दौडाई मोबाईल फोन नियन्त्रणमा लिई, शरीर बन्धक तुल्याई, एक वा डेढ घण्टाभित्रै पोखरा पुऱ्याई पोखरा म.न.पा. वडा नं.११ नयाँबजार स्थित भाडामा लिएको भनिएको निजको कोठामा लगी बन्धक तुल्याई जबरजस्ती करणी गरी सोही दिनै रात्री बसद्धारा काँकरभित्ता हुँदै भारतको कलकत्ता पुऱ्याई नेपाल फर्केपछि विवाह गर्ने भनी बताई भ्रममा पारी नेपाल फर्किएको र नेपाल प्रवेशपछि प्रहरीको सहयोगमा परिवारको सम्पर्कमा आएको भन्ने समेत ब्यहोराको परिवर्तित नामथर ४३ (४०) को जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भएकोमा निज प्रतिवादी प्रभात बोसेललाई पक्राउ गरी अनुसन्धान पश्चात मुद्दा पेश हुँदा सम्मानित म्याग्दी जिल्ला अदालतको च.नं.१७१७ मिति २०८०।०२।३२ गतेको आदेशले प्रतिवादी प्रभात बोसेललाई रु.२,५०,०००।- (दुई लाख पचास हजार) धरौटी माग भएकोमा उक्त धरौटी दाखिला गर्न नसकी निज प्रतिवादी थुनामा गएको।

## कर्तब्य ज्यान

मिति २०८०।०१।२७ गतेका दिउँसो करिव १५:०० बजेको समयमा जिल्ला गुल्मी, ईश्मा गा.पा. वडा नं.६ बस्ने बर्ष ५६ को रिखीराम कुमालले आफ्नै श्रीतमी बर्ष ३९ की सुमित्रा कुमाललाई मादक पदार्थ सेवन गरी बाटोमा भेटिएको गोलेची जातको काठ (लौरा) ले शरीरको बिभिन्न भागमा कुटपिट गर्दा निज भित्तामा ठोकिन गई शक्त घाईते भएकोमा उपचारको लागि तत्कालै जिल्ला अस्पताल, गुल्मी तम्घास हुँदै थप उपचारको लागि लुम्विनी प्रादेशिक अस्पताल, रुपन्देही लगेकोमा उपचारको क्रममा मिति २०७९।०१।३० गतेका राती मृत्यु भएको हुँदा निज रिखीराम कुमाललाई कानून बमोजिम होस् भन्ने समेत व्यहोराको छविलाल कुमालले ईलाका प्रहरी कार्यालय, रुपन्देही, बुटवलमा जाहेरी दरखास्त पेश गरेकोमा उल्लेखित प्रतिवारी रिखीराम कुमाललाई पक्राउ गरी अनुसन्धान पश्चात २०८०।०२।२२ गते जिल्ला सरकारी वकील कार्यालय, गुल्मी मार्फत सम्मानित गुल्मी जिल्ला अदालतमा मुद्दा पेश भएकोमा निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

# हाम्रो अनुरोध :

- लागू औषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन गर्नु अपराध हो। यस्ता गैर कानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं
- लागू पदार्थको सेवन: गयो अमूल्य जीवन
- स्वच्छ जीवन, उच्च विचार: लागू औषधको गरौं बहिष्कार
- हामी सवैको आवाज: लागू औषध मुक्त समाज
- हाम्रो चाहना: लागू औषध रहित, स्वस्थ्य र सुखी जीवनको कामना
- लागू औषध त्यागौं: स्वस्थ्य र सुखी जीवनतर्फ लागौं
- लागू औषध लिने बानी:स्वास्थ्य र धनजनको हानी
- लागू पदार्थ सेवन नगरौं सभ्य समाजको निर्माण गरौं
- लागू औषध नगरौं ओसारपसार:बिग्रिन्छ तपाईको प्यारो घर संसार
- लागू पदार्थको नशा: जीवनको दुर्दशा
- लागू पदार्थको प्रयोगबाट आफू,परिवार,समाज राष्ट्रलाई नै अतुलनीय क्षति हुँदा यस्ता पदार्थ देखि टाढै रहने प्रण गरौं
- स्वस्थ,सवल र समृद्ध नेपालको प्रतिवद्धता: लागू औषध अपराध बिरुद्धको ऐक्यवद्धता
- नबोकौं अपरिचितको झोला पोका: तपाईलाई हुन सक्छ ठुलो धोका
- लागू पदार्थको खेती र कारोबार : भताभुङ्ग परिवार र बास हुन्छ कारागार
- लागू औषधको दुरूपयोगले बिस्तारै लिन्छ ज्यान :नियन्त्रण र रोकथाममा  दिऔं ध्यान
- **You Look Smart Without Drugs.**
- **Good Friends does not take Drugs.**
- **Say Yes to Life,  No to Drugs.**
- **A Narcotic Pill Can Kill.**






"नगरौं लागु औषधको दुर्व्यसन, नफालौं अमुल्य जीवन"
हाम्रो आवाज,
लागु औषधको दुर्व्यसनबाट
सुरक्षित समाज
लागु औषधको दुर्व्यसन र अवैध कारोबार विरुद्ध सचेतना फैलाऔं


हर प्रहर, गाउँ र नगरी !
टोल टोलमा नेपाल प्रहरी !!
नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्
समुदाय-प्रहरी साझेदारी
शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि
Community-Police Partnership
for Peaceful & Secure Society
नेपाल प्रहरी
स्थानीय तह
समुदाय
सामाजिक संस्था
विद्यालय
nepalpolice.gov.np
/NepalPolicePHQ
/NepalPoliceHQ
/nepalpolice

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np